स्थानीय सरकार

# खप्तडछान्ना गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्याः २०८१।०८२

चलानी नम्बरः

पसलबगर, बझाङ्ग

सुदूरपश्चिम प्रदेश नेपाल


## भालुको आक्रमणबाट सचेत रहन खप्तडछान्ना गाउँपालिकाको जनहितमा जारी सन्देश

पछिल्ला समयमा खप्तडछान्ना गाउँपालिकामा भालुको आतङ्क बढ्दै गईरहेकोले सम्पूर्ण गाउँपालिका बासिहरुमा सचेत रहन अनुरोध गरिन्छ।

### भालुको आनीबानी र व्यहोरा

१. भालु प्राय एक्लै बस्छ । बच्चा भएको पोथी भालुले आफ्नो बच्चा साथ साथै राख्ने गर्छन् । कहिलेकाहिं सुरक्षाको लागि दुई वा तीन वटाको समूहमा पनि बस्छन् ।

२. भालुको बच्चा दुई देखि साढे दुई वर्षमा आफ्नो आमाबाट अलगिन्छन् ।

३. भालु प्राय राती सक्रिय हुने हिङ्गुल गर्ने;खाने गर्छ र दिउंसो सुत्ने गर्छ ।

४. भालुले धमीरा(Termite) खाने भएकोले धमीराको घर ( Termite Mounds) को आधारमा भालु त्यस ठाउँमा भए नभएको बारे जान्न सकिन्छ ।

५. भालुले रुखमा कोतारेर आफ्नो जीउ त्यहाँ रगडेर आफ्नो निश्चित इलाका निर्धारण गरेर बसेको हुन्छ ।

६. भालु रिसालु (Aggressive) स्वभावको हुन्छ । भालुको चियोर्ने बानी हुन्छ ।

७. भालुको श्रवण शक्ति (Hearing Capacity) कम हुन्छ ।

८. भालुको सुंघ्ने शक्ति (Smelling Capacity) बढि हुन्छ ।

९. भालु डरालु हुन्छ । "छेर भालु छेर" भन्ने उखान पनि छ ।

१०. भालुले खानको लागि मान्छेलाई आक्रमण गर्दैन ।

११. भालु रुख चढ्न सिपालु हुन्छ । तर आफ्नो शत्रुबाट बच्न रुख चढ्दैन ।

१२. भालु अल्छी स्वभावको हुन्छ ।

१३. भालुको थुक पिरो हुन्छ ।

१४. भालुले आफ्नो पछाडिको आड लिन्छ ।

### भालुले आक्रमण गर्न सक्ने अवस्था र तरिका

१. भालुसंग अचानक जम्काभेट हुंदा भालुले आफूलाई असुरक्षित महसुस गरेको अवस्थामा खतरा हुन्छ ।

२. बच्चा साथमा भएको अवस्थामा बढि खतरा हुन्छ ।

३. भालुले मानिसलाई देखेर असुरक्षित महसुस गरेमा जुरुक्क उभिएर दुबै हात माथि उठाउंछ अनि थुक्छ र अनौठो आवाज निकालेर आक्रमण गर्छ ।

४. भालुले प्राय अनुहार त्यसमाथि पनि बढि आँखा ताकेर आक्रमण गर्छ ।

५. भालुको नाक अति संवेदनशील हुने हुंदा आक्रमणको बेलामा नाक जोगाई पछाडि र दायाँ बायाँ हेरी आक्रमण गर्छ ।

### भालुको आक्रमण बाट बच्ने उपाय

१. भालुसंग जम्काभेट भएमा आफै भाग्न पनि सक्छ र आक्रमण गर्न पनि सक्छ ।

२. भालुसंग जम्काभेट भएमा लौराले बेस्सरी भूईमा पिटि भगाउन कोशिश गर्ने ।

३. समूहमा भए हल्ला गर्ने र भगाउन कोशिश गर्ने ।

४. भालुले आक्रमण गर्न आए सकेसम्म टाउको, अनुहार र आँखा जोगाउने ।

५. भालुको थुतुनोमा लट्ठी।लौराले हान्ने ।

६. भालुले अगाडिबाट झम्टन आएमा कापे काठ (Bifurcated Wooden Tool) ले भालुको घांटीमा समातेर धकेल्ने ।

७. भालुले झम्टन लाग्यो भने पानीमा हाम नफाल्ने । भालु पानीमा पौड्न सक्ने हुनाले झन खतरा हुन्छ ।

८. ओरालो ठाउं भए त्यस्तो ठाउंमा दौड्ने । भालु ओरालोतिर झर्दा उसको लामो रौंले आंखा छोपिने र हेर्न असजिलो हुने भएकोले पछ्याउने संभावना कम हुन्छ ।

उत्तम बहादुर रोकाया (गाउँपालिका अध्यक्ष)

एवं समस्त गाउँपालिका परिवार




info@khaptadchhannamun.gov.np
ito@khaptadchhannamun.gov.np
ito.khaptadchhannamun@gmail.com
khaptadchhannamun.gov.np
9849904286
9858485616
9844143090